राष्ट्रिय अपाङ्ग महासंघ नेपालको

# पाँच वर्षे रणनीति पत्र

## २०१३ – २०१७

## विषय सूची


खण्ड एक परिचय ---------------------------------------------------------------------------------------------------------------------3

१.१. नेपालको सामान्य परिचय (Short Introduction of the Country) --------------------------------------------------3

१.२. राष्ट्रिय अपाङ्ग महासंघ नेपालको संक्षिप्त परिचय (Short introduction of National Federation of Disabled Nepal)-----------------------------------------------------------------------------------------------------------3

१.४ अपाङ्गता र यससँग जोडिएका सवालहरूमा राष्ट्रिय अपाङ्ग महासंघको धारणा (Views of National Federation of Disabled Nepal on Disability and Related Issues) ----------------------------------------------------5

१.५.अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनमा राष्ट्रिय अपाङ्ग महासंघको भूमिका र उपलब्धि (Role of National Federation of Disabled Nepal on Promoting the Rights of Persons with Disabilities and Some Achievements)।-----------------------------------------------------------------------------------------------------------7

१.६. राष्ट्रिय अपाङ्ग महासंघका कृयाकलापहरू (Activities of National Federation of Disabled Nepal) -------- 12

खण्ड दुई : महासंघका हकवाला र लक्षित समूह-------------------------------------------------------------------------------- 13

२.१ राष्ट्रिय अपाङ्ग महासंघ नेपालका हकवाला र लाभान्वित समुहरूको विश्लेषण-------------------------------------- 13

खण्ड तीन : महासंघका पाँच बर्षे रणनीतिहरु ---------------------------------------------------------------------------------- 15

३.१ दीर्घकालीन परिकल्पना (Vision)-------------------------------------------------------------------------------------- 15

३.२ दीर्घकालीन धेय (Mission) ------------------------------------------------------------------------------------------ 15

३.३ दीर्घकालीन लक्ष (Goals) -------------------------------------------------------------------------------------------- 15

३.४ सिद्धान्त, मूल्य र मान्यताहरू (Principles, Values and Norms)--------------------------------------------------- 16

३.५ रणनीति पत्रको बृहत् राष्ट्रिय उद्देश्य (Overall Development Objectives of Strategy Paper) --------------- 16

३.६ पाँच वर्षको लागि प्राथमिकतामा राखिएका सवालहरू (Priorities for coming five years) ----------------------- 16

३.७ पाँच वर्षभित्र हासिले गरिने विशिष्ट उद्देश्यहरू (Specific Objectives for coming five years)------------------- 17

३.८ पाँच वर्षे रणनीतिहरू (Strategies for coming five years) --------------------------------------------------------- 19

# खण्ड एक : परिचय

# Part 1 : Introduction

### १.१. नेपालको सामान्य परिचय (Short Introduction of the Country)

लोकतान्त्रिक गणतन्त्र नेपाल, पूर्व पश्चिम र दक्षिणमा भारत र उत्तरमा चीन सँग सिमाना जोडिएको र कूल १४७१८१ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको स्वतन्त्र, बहु धार्मिक, बहु भाषिक, बहु सांस्कृतिक र बहु जातीय पहिचान बोकेको सार्वभौम मुलुक हो । ८० प्रतिशत भन्दा बढी भू-भाग पहाड तथा हिमाल र २० प्रतिशत मात्र तराइ र उपत्यका रहेको यो देशको पूर्व पश्चिम मोटामोटी लम्बाइ ८८० किलो मिटर र उत्तर दक्षिण औसत चौडाइ १४० किलो मिटर रहेको छ । नेपालका भू - भागहरू समुन्द्र सतह बाट ६० मिटर देखी लिएर ८८४८ मिटर सम्म उचाइमा छन् । सन २०११ मा गरिएको जनगणना अनुसार नेपालको कूल जनसङ्ख्या २६४९४५०४ छ र यस मध्ये अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या ५१३३२१ रहेको उल्लेख गरिएको छ । भौगोलिक दृष्टिले नेपाललाई उत्तर देखि दक्षिण तर्फ क्रमशः हिमाल , पहाड र तराई गरि तीन भागमा विभाजन गरिएको छ र तराई सबैभन्दा धैरै ५० प्रतिशत मानिसहरू बसोबास गर्ने क्षेत्र हो ।

निकै लामो समयसम्म राजतान्त्रि क मुलुकको रूपमा रहेको नेपाल २०६२ /०६३ को जन आन्दोलनले ल्याएको परिवर्तन पश्चात् सन २००८ मे २८ दखि औपचारिक रूपमा राजतन्त्र त्यागि गणतन्त्रमा प्रवेश गरेको हो ।

हावापानी, माटो, उर्वरा शक्तिको दृष्टिले निकै राम्रो र कृषि , पर्यटन र जलस्रोतको प्रचुर सम्भावना बोकेको भएतापनि नेपालको अर्थतन्त्रले सकारात्मक दिशा समात्न सकेको छैन र अझै पनि अल्प विकसित मुलुकको श्रेणीमै रहेको छ । राजनैतिक अस्थिरता र गरिबी यसका प्रमुख कारण मान्ने गरिएको छ । कूल गार्हस्थ्य उत्पादनमा ३६ प्रतिशत योगदान कृषिको छ भने ४८ प्रतिशत सेवा क्षेत्रको रहेको छ । नेपालीहरूको पछिल्लो साक्षरता दर ६५ प्रतिशत रहेको छ र महिलाहरूको साक्षरता दर पुरुषको दाँजोमा अझै निकै कम छ । नेपालीहरूको औसत आयु ६५ वर्ष छ । सरकारी आँकडा अनुसार नेपालमा अझै २४ प्रतिशत मानिसहरू गरिबीको रेखामुनि बाँचिरहेको मानिन्छ । राजनैतिक अस्थिरता , दण्डहीनता र ऊर्जा सङ्कट वर्तमान नेपालले भोगिरहेका मुख्य समस्याहरू हुन ।

### १.२. राष्ट्रिय अपाङ्ग महासंघ नेपालको संक्षिप्त परिचय (Short introduction of National Federation of Disabled Nepal)

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार , संरक्षण र सम्बर्द्धनका लागि २०५० सालमा गठन भई निरन्तर रूपमा कार्यरत राष्ट्रिय छाता सन्जाल हो । यो संस्था नेपालको संघ संस्था दर्ता ऐन २०३४ अनुसार काठमाडौं जिल्ला प्रशासन

कार्यालयमा विधिवत् दर्ता र समाज कल्याण ऐन अनुसार समाज कल्याण परिषदमा आबद्ध भई आफ्ना उद्देश्यहरूको परिपूर्तिमा कार्यरत छ । यो गैर राजनैतिक, गैर नाफा मूलक सामाजिक संस्था हो र यसले जिल्ला स्तरमा वा राष्ट्रिय स्तरमा अपाङ्गता अधिकारको लागि स्वयम् अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित र अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालित संस्थाहरूलाई आफ्नो छातामुनि आबद्ध गरेर देशभरिका अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व र नेतृत्व गरिरहेको छ । ७५ वटै जिल्लामा आफ्नो पहुँच र सञ्जाल स्थापना गर्न सफल यस संस्थाका हालसम्म देशभरि ३०० वटा सदस्य संस्थाहरू रहेका छन् ।

राष्ट्रिय अपाङ्ग महासंघले क्षेत्रीय स्तरमा सदस्य संस्थाहरू सँगको सम्बन्ध र समन्वयलाई बलियो र प्रभावकारी बनाउन र सदस्य संस्थाहरूको प्रभावकारी परिचालनका लागि पाँचै वटा विकास क्षेत्रमा क्षेत्रीय समितिहरूको गठन गरि कार्यालयहरू समेत स्थापना गरेको छ । पूर्वाञ्चल विकास क्षेत्रको लागि विराटनगर, मध्यमाञ्चल विकास क्षेत्रको लागि हेटौंडा , पश्चिमाञ्चल विकास क्षेत्रको लागि बुटवल, मध्य पश्चिमाञ्चल विकास क्षेत्रको लागि नेपालगन्ज र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको लागि महेन्द्र नगरमा क्षेत्रीय कार्यालयहरू सञ्चालन गरेको छ । यसैगरी जिल्ला तहमा पनि महासंघले आफ्नो पहुँचलाई अझ प्रभावकारी बनाउँदै लैजाने उद्देश्य अनुरूप सन २००९ देखि जिल्ला च्याप्टरको अवधारणा लागू गरेको छ । यस क्रममा सन २०१२ सम्ममा ५ वटा जिल्लामा जिल्ला च्याप्टरहरू गठन भई कार्यरत रहेका छन् भने थप पाँच वटा जिल्लामा सन २०१३ मा सञ्चालन गर्ने तयारी भएको छ ।

महासंघले आफ्ना विभिन्न उद्देश्य प्राप्तिको लागि जनचेतना , क्षमता विकास, जनपैरवी र सञ्जाल तथा सहकार्यलाई मूल रणनीतिको रूपमा अपनाएको छ । यी रणनीति अन्तर्गत रहेर महासंघले राज्यका नीति, कानुन, नियमहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका अधिकारका पक्षमा बनाउन राज्यलाई प्रभाव पार्ने , त्यस्ता कानुनी प्रावधानहरूको निर्माणमा राज्यलाई सघाउने , अधिकारको लागि सङ्गठित हुन र आफ्नो अधिकार सम्बर्द्ध र संरक्षणका लागि काम गर्न अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास गर्ने, अपाङ्गताको सवालमा काम गर्न सरोकारवालाहरूको क्षमता विकास गर्ने, विकासका कामहरूमा अपाङ्गताका सवालहरूको मूल प्रवाहिकरण गराउने , समाजमा अपाङ्गता अधिकारका सवालमा जनचेतना जगाउने र अपाङ्गता अधिकारका सवालमा विभिन्न सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र सञ्जाल स्थापना गर्ने काम गरिरहेको छ ।

नेपालमा सरकारी तथा गैर सरकारी दुवै तहमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार , सेवा सुविधा, सहुलियत र सामाजिक सुरक्षाका सवालहरूमा गरिने निर्णय प्रकृयाहरूमा राष्ट्रिय अपाङ्ग महासंघको भूमिकालाई महत्वपूर्ण मानिन्छ । तसर्थ महासंघ सरकारी तथा गैर सरकारी क्षेत्रमा अपाङ्गता अधिकारका सवालमा गरिने निर्णय प्रकृयाहरूमा भूमिका खेल्ने मुख्य सरोकारवाला निकाय हो । हाल राष्ट्रिय अपाङ्ग महासंघले प्रधानमन्त्री कार्यालयको अपाङ्गता डेस्कको सल्लाहकार समिति, विशेष शिक्षा समिति , शिक्षा विभागको छात्रवृत्ति समिति , राष्ट्रिय विकास मञ्च, गैर सरकारी संस्था महासंघ, कानुन सुधार आयोग, राष्ट्रिय अपाङ्ग समन्वय समिति, जस्ता

राज्यका निर्णय प्रकृयाहरूमा भूमिका खेल्ने मुख्य निकाय वा समितिहरूमा अपाङ्गता भएका व्यक्तिहरूको तर्फबाट प्रतिनिधित्व गरिरहेको छ ।

गैर सरकारी क्षेत्रमा पनि मानवअधिकार लगायत अन्य विभिन्न क्षेत्रमा काम गर्ने सञ्जालहरूमा महासंघले आफ्नो प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित गरि अपाङ्गता अधिकार आन्दोलनमा अन्य सरोकारवालाहरूको भूमिका र संलग्नतालाई बलियो बनाउने प्रयास गरेको छ । यस क्रममा महासंघले गैर सरकारी संस्था महासंघ र राष्ट्रिय मानवअधिकार महासभेला जस्ता अन्य राष्ट्रिय स्तरका गैर सरकारी निकाय तथा सञ्जालहरूको सदस्यता प्राप्त गरेको छ ।

नेपालको अपाङ्गता अधिकार आन्दोलनलाई अन्तर्राष्ट्रिय अपाङ्गता आन्दोलनको एउटा हिस्सा बनाउन महासंघले आफ्नो अन्तर्राष्ट्रिय भूमिका र उपस्थितिलाई पनि बलियो बनाउने प्रयास गरेको छ । यसै क्रममा सन १९९८ देखि राष्ट्रिय अपाङ्ग महासंघ अन्तर्राष्ट्रिय अपाङ्ग जन परिषद् (Disabled Peoples' International) सदस्य रहि आएको छ भने यसै सञ्जालको एसिया प्यासेफिक क्षेत्र र दक्षिण एसिया प्यासेफिक क्षेत्रमा पनि आफ्नो भूमिकालाई बलियो बनाइ सकेको छ । हाल महासंघ अन्तर्राष्ट्रिय जन परिषदको एसिया प्यासेफिक समितको उपाध्यक्ष र दक्षिण एसिया प्यासेफिकको अध्यक्ष रहेको छ । यसैगरी UNESCAP को १० वर्षको लागि मानव अधिकार प्रवर्द्धकको हैसियतमा अन्तर्राष्ट्रिय क्षेत्रमा भूमिका खेल्ने अवसर पाएको छ ।

### १.४ अपाङ्गता र यससँग जोडिएका सवालहरूमा राष्ट्रिय अपाङ्ग महासंघको धारणा (Views of National Federation of Disabled Nepal on Disability and Related Issues)

राष्ट्रिय अपाङ्ग महासंघले अपाङ्गताको सामाजिक दर्शन (Social Model of Disability) र अधिकारमुखी चिन्तनलाई अङ्गीकार गरेको छ । अपाङ्गता एउटा विभेद र अवरोधजन्य अवस्था हो भन्ने बुझाइ महासंघको रहेको छ । अपाङ्गता शरीरको अङ्गको संरचना वा कार्यमा आएको सिमीतता नभएर यसका आधारमा व्यक्तिमाथि गरिने विभिन्न प्रकारका विभेद , उपेक्षा र समाज सँग अन्तरकृया गर्दा आउने अवरोधका कारण सृजीत अवस्था हो भन्ने मान्यता राष्ट्रिय अपाङ्ग महासंघको हो । अपाङ्गताका सवालहरू स्वास्थ्य , शिक्षा , रोजगारी , निर्णय प्रकृयामा समान सहभागिता, भौतिक संरचनाहरूको निर्माण , सञ्चार, प्रविधि, गरिवी निवारण र सामाजिक चेतना जस्ता विषयहरूसँग प्रत्यक्ष रुपमा जोडिएका हुनाले यो विकासको महत्वपूर्ण सवाल हो र विकासका हरेक नीति र कार्यक्रममा अपाङ्गतालाई मूल प्रवाहिकरण गरिनुपर्छ भन्ने स्पष्ट धारणा महासंघको छ । अपाङ्गता भएका व्यक्तिहरूले शारीरिक अवस्थाकै कारण अधिकांश मानवअधिकारहरूको समान उपयोगबाट बाट वञ्चित रहनु पर्ने , हिंसा र दुर्व्यवहारको सामना गर्नुपर्ने र अपाङ्गताकै आधारमा गरिने विभेदहरूका विरुद्ध न्यायमा पहुँच पाउन नसकेको अवस्था भएको हुनाले यो मानवअधिकारसँग पनि प्रत्यक्ष रूपमा जोडिएको छ । संसारका हरेक व्यक्तिमा केही न केही सीमितता र कमजोरीहरू हुन्छन् र त्यसरी नै अपाङ्गता भएका व्यक्तिहरूमा पनि विद्यमान छन् तसर्थ शारीरिक अवस्थालाई विभेदको आधार नबनाई यसलाई पनि मानव विविधता भित्रको एउटा प्रमुख हिस्साको रूपमा स्वीकार गरिनुपर्छ । हरेक अपाङ्गता भएका व्यक्तिहरूमा अन्य व्यक्ति

सरह सम्भावनाहरू हुन्छन् र ती सम्भावनाहरूलाई अधिकतम रूपमा उजागर , प्रषफूटित र विकसित हुने मौका, अवसर र वातावरण अन्य व्यक्ति सरह अपाङ्गता भएका व्यक्तिहरूले पाउनु पर्छ । हरेक अपाङ्गता भएका व्यक्ति सक्षम छन् , उनीहरू अन्य व्यक्ति सरह सकृय हुन सक्छन् र समाजलाई योगदान दिन सक्छन् । त्यसैले अपाङ्गता कुनै असक्षमता वा अयोग्यताको अवस्था पनि होइन र त्यस्तो कुराको उपमा पनि होइन भन्ने स्पष्ट बुझाइ महासंघको रहेको छ ।

अपाङ्गता भएका व्यक्तिका र अन्य व्यक्तिका मानव अधिकारहरू समान हुन तर अपाङ्गता भएका व्यक्तिहरूलाई ती मानवअधिकारहरूको समान उपयोग सुनिश्चित गर्न राज्यले उनीहरूका विशेष आवश्यकता वा अधिकारहरूलाई सम्बोधन गर्नुपर्छ । विशेष आवश्यकताहरूलाई सम्बोधन गर्दा अपाङ्गताको गम्भीरतालाई मुख्य केन्द्र विन्दु बनाउनुपर्छ । अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा प्रभाव पार्ने कुनै पनि सेवा वा सुविधा (जस्तै सहायक सामग्री , विशेष उपकरण, उपचार, सहयोगी सेवा, पुनर्स्थापना सेवा, आवासीय सेवा, सामाजिक सुरक्षा, आवश्यकता पहिचान, लेखाजोखा, तथ्याङ्क संङ्कलन आदि) मा अपाङ्गता भएका व्यक्तिहरूको निर्णय र छनौट सर्वोपरी हुन्छ । यसैगरी राज्यका हरेक विषयसँग जोडिएका नीति , कानुन, कार्यक्रम, योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रकृयाहरूमा अपाङ्गता भएका व्यक्तिहरूले सङ्गठित भएर प्रतिनिधित्व गर्न, सहभागी हुन, आफ्ना सवालहरू उठाउन, निर्णय दिन र नेतृत्व गर्न पाउनुपर्छ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल यही समाज र समुदायभित्र हरेक नेपाली अपाङ्गता भएका व्यक्तिहरूको आत्म स्वाभिमान पूर्ण समावेशीकरण चाहन्छ । सशक्तिकरण , पहुँच र सहभागीता समावेशीकरणका मुख्य आधारहरू हुन त्यसैले अपाङ्गता भएका व्यक्ति र सम्बन्धित सरोकारवालाहरूको क्षमता विकास र सहभागितामा अभिवृद्धि गर्दै समुदाय र राज्यलाई अपाङ्गता भएका व्यक्तिहरू प्रति सकारात्मक , जिम्मेवार र सहयोगी बनाउने अभियान नै महासंघको मुख्य अभियान हो । अपाङ्गताको अधिकारमुखी अवधारणालाई प्रवर्द्धन गर्दै अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक आवश्यकता, सहभागिता, निर्णय र छनौटलाई मुख्य केन्द्रबिन्दु बनाइ यस अभियानमा साथ दिने अपाङ्गता भएका व्यक्ति स्वयम द्वारा सञ्चालित संस्था तथा व्यक्ति , अभिभावक, अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्ने संस्था तथा व्यक्ति , सरकारी निकाय, अन्तर्राष्ट्रिय गैर सरकारी निकाय , विकास निकायहरू, सामाजिक सङ्घ संस्था , मानवअधिकारवादी सङ्घ संस्थाहरू, सञ्चार माध्यम , पेशागत सङ्घ सङ्गठन , निजी क्षेत्र लगायत सबैको भूमिका , साझेदारी, सहकार्य र सह-यात्रा महासंघका लागि स्वागत योग्य र स्वीकार्य छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासंधिमा सुनिश्चित गरिएका अधिकारहरूको संरक्षण गर्ने र ती अधिकारहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा अनुभूत गराउनु महासंघको प्रमुख लक्ष हो । तसर्थ सम्बन्धित सबै सरोकारवालाहरूलाई आफ्नो अभियानमा ऐक्यबद्ध गरि महासंघले जन पैरवी , जन चेतना , क्षमता विकास र सञ्जाल तथा सहकार्य जस्ता मूल रणनीति लगायत अन्य सम्पूर्ण रणनीति र कृयाकलापहरूलाई उक्त लक्ष प्राप्तितर्फ उन्मुख गर्नेछ ।

**१.५.अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनमा राष्ट्रिय अपाङ्ग महासंघको भूमिका र उपलब्धि (Role of National Federation of Disabled Nepal on Promoting the Rights of Persons with Disabilities and Some Achievements)।**

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको साझा छाता सङ्गठन भएको हुनाले र यसको मुख्य उद्देश्य नै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र प्रवर्द्धन हो । राज्यका नीति निर्माण तहसम्म अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई पुर्याउनु र उचित सम्बोधन गर्न राज्यलाई प्रभाव पार्न एउटा साझा मञ्चको आवश्यकता महसुस गरि यो संस्थाको गठन गरिएको हुनाले स्थापना काल देखि हालसम्मको यात्रामा महासङ्घले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र सम्बर्द्धनका क्षेत्रमा अग्रणी भूमिका खेल्नुका साथै राम्रा उपलब्धिहरू पनि हासिल गर्न सफल भएको छ ।

अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ सालमा बनेको भएतापनि यसको प्रभावकारी कार्यान्वयनमा पञ्चायत सरकार उदासीन थियो र २०४६ साल पछिको सरकारले पनि यसको कार्यान्वयनमा त्यति चासो देखाएन । यस ऐनको कार्यान्वयनका लागि बन्नुपर्ने नियमावलीहरू बन्न सकेका थिएनन् । स्थापना पश्चात् महासंघले आफ्नो पैरवी र समन्वयलाई यस ऐनको प्रभावकारी कार्यान्वयन लगायत अपाङ्गताका सवालमा अन्य आवश्यक नीति र कानुन निर्माण गराउने विषयमा केन्द्रित गर्यो । महासंघको निरन्तर पैरवी र दबाबको फलस्वरूप २०५१ सालमा अपाङ्ग संरक्षण तथा कल्याण नियमावली , २०५३ सालमा विशेष शिक्षा नीति निर्माण भई लागू गरियो । २०५७ साल भन्दा पहिला अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै परिचय पत्र दिने व्यवस्था थिएन । अपाङ्ग संरक्षण तथा कल्याण नियमावली बनेपछि महासंघले उक्त नियमावलीमा व्यवस्था भए अनुसार अपाङ्गता भएका व्यक्तिहरूले पहिचानको अधिकार प्राप्त गर्नुपर्छ भन्ने आवाज उठायो र परिणाम स्वरू प २०५७ साल देखी नेपाल सरकारले जिल्ला प्रशासन कार्यालय मार्फत अपाङ्गता परिचयपत्र जारी गर्ने व्यवस्था गर्यो ।

कानुन नीतिहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि केही प्रावधानहरू भएपनि उक्त कुराहरूलाई सरकारका कार्यक्रमहरू मार्फत कार्यान्वयन गराउन वा सेवा सुविधा र अवसर प्रदान गराउने सवालमा सरकारलाई जिम्मेवार बनाउनु अर्को ठूलो चुनौती थियो । तत्कालीन अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूको लागि गैर सरकारी क्षेत्रले केही जिल्लाहरूमा नमुनाको रूपमा समुदायमा आधारित पुनर्स्थापना (सी.बी.आर.) कार्यक्रमहरू सञ्चालन गरि अपाङ्गता भएका व्यक्तिहरूका जीवनमा सकारात्मक परिवर्तन ल्याउन निकै सफल भइरहेका थिए । महासंघले सी.बी.आर. कार्यक्रम सञ्चालन गरिरहेका संस्थाहरूसँग मिलेर २०५७ सालमै त्यस्ता कार्यक्रमहरूमा नेपाल सरकारले स्वामित्व लिनु पर्छ र यस्ता कार्यक्रमहरूको पहुँच हरेक जिल्लामा पुग्नु पर्छ भनि आवाज उठाएर महिला मन्त्रालयलाई पाइलट प्रोजेक्टको रूपमा भएपनि कार्यक्रम सुरू गर्न दबाब दिएको थियो । यसैको फलस्वरूप तत्कालीन अवस्थामा मन्त्रालयले यस कार्यक्रम माथि स्वामित्व लिई २०५७ सालबाट ५ बटा जिल्लालाई सी .बी.आर. कार्यक्रम सञ्चालन गर्न अनुदान स्वरूप सानो

रकम उपलब्ध गराउन सुरु गरेको थियो । हाल आएर यो कार्यक्रम नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले ७५ बटै जिल्लामा लागू गरिसकेको छ र हरेक जिल्लाको लागि रु १५५००० बार्षीक बजेट छुट्याउने गरेको छ ।

राष्ट्रिय अपाङ्ग महासंघले अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र प्रतिनिधित्वलाई राज्यको निर्णायक तहमा पुर्याउन गरेको योगदानलाई पनि यहाँनिर उल्लेख गर्नु जरुरी छ । २०६२/६३ सालको जनआन्दोलन पछि भएको बनेको संविधान सभामा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चत गराउनको लागि महासङ्घका तत्कालीन अध्यक्षको नेतृत्वमा अपाङ्गता भएका व्यक्तिहरूले आमरण अन्नसन् बसेका थिए । यस आमरण अन्नसन र अपाङ्गता भएका व्यक्तिहरूको निरन्तर दवावको परिणामस्वरूप संविधान सभामा दलहरू २ जना अपाङ्गता भएका व्यक्तिहरूलाई मनोनयन गर्न बाध्य भएका थिए ।

२०५८ साल भन्दा पहिला गरिएका जनगणनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने प्रचलन नेपालमा थिएन । महासङ्घको २०५८ सालको जनगणनामा अपाङ्गता भएका व्यक्तिहरूको अलग्गै तथ्याङ्क लिइनु पर्छ भनि सरकारलाई निकै ठूलो सामूहिक दबाब दिनु परेको थियो र उक्त दबाबको नेतृत्व महासङ्घले लिएको थियो । अपाङ्गता भएका व्यक्तिहरूलाई जनगणनामा समावेश गर्न सरकारले निकै आनाकानी गरेको र सकारात्मक नभएको हुनाले यसमा महासंघले निकै सङ्घर्ष गर्नुपरेको थियो । तर दबाबको फलस्वरूप अन्तिम समयमा भएपनि सरकार जनगणनामा अपाङ्गताको लागि एउटा महल थप्न सहमत भएको थियो र पहिलो पटक नेपालमा अपाङ्गता भएका व्यक्तिहरूलाई जनगणनामा समावेश गरिएको थियो । यस गणनाबाट आएको परिणाममा अपाङ्गता भएका व्यक्तिको संख्या त्यति विश्वास गर्न सकिने भएको नभएता पनि जनगणनामा अपाङ्गता भएका व्यक्तिलाई समेट्नु आफैमा निकै सकारात्मक कदम थियो । यसैगरी २०६८ सालको जनगणनामा पनि अपाङ्गता भएका व्यक्तिहरूको गणनालाई समेट्न र अझ वास्तविक र सहि तथ्याङ्क ल्याउनको लागि महासंघले प्रश्नावली निर्माण देखी लिएर गणकहरूलाई तालिम र गणकको रूपमा अपाङ्गता भएका व्यक्ति र सुपरिवेक्षणमा जिल्लामा कार्यरत महासंघका सदस्य संस्थाहरूलाई परिचालन गर्ने सम्मका कामहरूमा निकै प्रभावकारी भूमिका खेलेको छ ।

अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ ले गरेको अपाङ्गताको परिभाषा र वर्गीकरण समय सापेक्ष र वैज्ञानिक थिएन । यसमा प्रयोग गरिएका कतिपय शब्दावलीहरू अपाङ्गता भएका व्यक्तिहरूलाई अपमान गर्ने र उनीहरूको आत्म सम्मानमा ठेस पुर्याउने प्रकारका थिए । महासंघले ऐनलाई नै संशोधन गर्नको लागि सरकारलाई पटक पटक दबाब दिएको थियो तर ऐनमा संशोधन गर्न सरकार अपेक्षाकृत रूपमा सकारात्मक नदेखिएपछि कमसेकम अपाङ्गताको परिभाषा र वर्गीकरणलाई मात्र भएपनि परिमार्जन गरि राजपत्रमा प्रकाशित गर्न दबाब दिइयो । यसको फलस्वरूप २०६३ सालमा नेपाल सरकारले महासंघ लगायत अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संस्थाहरू र सम्बन्धित विभिन्न सरोकारवालाहरू समेतको संलग्नतामा अपाङ्गताको परिभाषा र वर्गीकरणलाई परिमार्जन गरि र राजपत्रमा प्रकाशन गर्यो । नयाँ परिभाषा र वर्गीकरण

अनुसार अपाङ्गतालाई अधिकारमुखी अवधारणा अनुसार परिभाषित गरियो र प्रकृतिको आधारमा ७ प्रकारमा र गम्भीरताको आधारमा ४ प्रकारमा वर्गीकरण पनि गरियो ।

अपाङ्गताको गम्भीरता अनुसार व्यक्तिले पाउने सेवा सुविधाहरू फरक हुने र पूर्ण अशक्त र अति अशक्त व्यक्तिलाई विशेष संरक्षण र अग्राधिकार दिनुपर्ने विश्वव्यापी मान्यता र अभ्यासहरू चलिरहेका थिए । तर नेपालमा सबै अपाङ्गता भएका व्यक्तिहरूलाई एउटै परिचयपत्र दिई सबैलाई एकै प्रकारका सेवा सुविधा र संरक्षणका कार्यक्रमहरूले सम्बोधन गर्नु बैज्ञानिक र व्यवहारिक दृष्टिले पनि असजिलो थियो । त्यसैले यस अप्ठेरोलाई चिर्नको लागि सबैलाई एउटै परिचयपत्र दिनुको सट्टा गम्भीरताको आधारमा परिचयपत्र उपलब्ध गराउने र सोही परिचयपत्रको आधारमा सेवा सुविधामा प्राथमिकता र अग्राधिकार प्रदान गर्नुपर्ने विषयमा २०६३ साल देखि महासंघले आफ्नो नेतृत्वमा सरकार, सदस्य संस्था, अपाङ्गता अधिकारमा काम गर्ने अन्य सरोकारवालाहरू सँग बहस , पैरवी र छलफलहरूको सुरुवात गर्यो । यसको फलस्वरूप २०६४ सालदेखि नेपाल सरकारले गम्भीरताको आधारमा वितरण गर्नुपर्ने गरि गम्भीरताको व्याख्या सहित अलग अलग रङ्गमा चार प्रकारका परिचयपत्रहरू महिला विकास कार्यालयमार्फत वितरण गर्ने प्रावधान सुरु गर्यो । यस वितरण प्रकृयालाई प्रभावकारी बनाउन र नियमन गर्नका लागि २०६५ सालमा छुट्टै अपाङ्गता परिचयपत्र वितरण निर्देशिका पनि जारी गरियो ।

अपाङ्गता भएका व्यक्तिहरूले परिचय पत्र जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने भएतापनि जिल्लामा अपाङ्गताको सवाल हेर्ने निकायको रूपमा महिला विकास कार्यालयलाई तोकिएको थियो । जिल्ला प्रशासन कार्यालयबाट अपाङ्गता परिचयपत्र लिने कार्यमा अपाङ्गता भएका व्यक्तिहरूले भोग्नु परेका विभिन्न पहिचानका जटिलताहरू र प्रमुख जिल्ला अधिकारीको व्यवस्तताको कारण धेरै समय कुर्नु पर्ने वा धेरै पटक धाउनु पर्ने बाध्यतालाई मध्य नजर गरि उक्त परिचयपत्र महिला विकास कार्यालयबाटै दिलाउनको लागि महासंघले सरकार लगायत सरोकारवालसँग आवश्यक बहस , छलफल र अन्तरकृयाहरू अगाडि बढायो । अन्ततः २०६५ साल देखि सरकारले परिचयपत्र महिला विकास कार्यालय (हाल महिला तथा बालबालिका कार्यालय ) बाट जारी हुने व्यवस्था गरियो ।

महासंघले स्थापनाकालदेखी नै नेपाल सरकारले अपाङ्गता विषयमा छुट्टै र वृहत नीति तथा कार्य योजना बनाइ लागू गर्नुपर्छ भन्ने विषयमा आफ्ना अडानहरू राख्दै आएको थियो । अझ यस विषयलाई सन १९९४ मा संयुक्त राष्ट्रसङ्घले पारित गरेको अपाङ्गता भएका व्यक्तिहरूको लागि अवसर समानिकरण सम्बन्धी प्रामाणिक नियम र २००२ मा एशिया प्रशान्त क्षेत्रका लागि अपाङ्गता अधिकारमा काम गर्ने कार्ययोजना विवाको मिलेनियम फ्रेमवर्क अफ एक्सनले समेत यस विषयलाई उठाएपछि महासंघलाई आफ्नो पैरवीमा उर्जा थपेको थियो । अन्ततः नेपाल सरकार अपाङ्गता विषयमा दीर्घकालीन नीति तथा कार्य योजना बनाउन सहमत भई २०५९ सालबाट काम सुरु भयो । तर विभिन्न कारणले ढिलाइ हुँदा यो नीति निर्माणको काम २०६३ समाप्त भई सोहि बर्ष नेपाल सरकारबाट लागू भयो ।

अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य सरह समान आधारमा उनीहरूका अधिकारहरू दिलाउन र आवश्यक सेवा सुविधाहरूमा प्रत्यक्ष पहुँच स्थापित गराउनको लागि नेपाल सरकारका सबै निकायहरू संलग्न हुनुपर्छ र एक आपसमा समन्वय हुनुपर्छ भन्ने मान्यता राख्छ । विकाससँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएको र स्थानीय स्वायत्त शासन ऐनमा पनि केही निश्चित विषयहरूमा स्थानीय निकायहरू अपाङ्गता भएका व्यक्तिहरू प्रति जिम्मेवार हुनुपर्ने कुरा उल्लेख गरिएको हुनाले सोही विषयलाई आधार बनाइ स्थानीय विकास मन्त्रालयले आफ्ना स्थानीय निकाय मार्फत अपाङ्गता क्षेत्रको लागि बजेट बिनियोजन गर्नुपर्छ भन्ने विषयहरूमा मन्त्रालय र यसका स्थानीय निकायहरूसँग महासंघले वहस र अन्तरकृयाहरू सुरू गर्यो । यसको परिणामस्वरूप २०६२ साल वैशाख १ मा स्थानीय विकास मन्त्रालयले आफ्ना स्थानीय निकायहरूलाई एउटा निर्देशनात्मक परिपत्र जारी गर्यो जस अनुसार हरेक जिल्ला विकास समिति र नगरपालिकाहरूले मन्त्रालयबाट प्राप्त पूँजीगत अनुदान र आन्तरिक आयको १ देखी ५ प्रतिशत रकम अपाङ्गता भएका व्यक्तिहरूको लागि छुट्याउनुपर्ने निर्देशन थियो । पछि यसैको निरन्तरता स्वरूप क्रमशः गाविस जी.वि.स. नगरपालिका अनुदान सञ्चालन कार्यविधिहरूमा पनि मन्त्रालयले अपाङ्गता भएका व्यक्तिहरूलाई स्थानीय स्तरमा बजेट छुट्याउनु पर्ने प्रावधानहरूलाई समावेश गर्यो । हाल विभिन्न जिल्लामा सदस्य संस्थाहरूले यो अवसरको सदुपयोग गरि अपाङ्गता भएका व्यक्तिका पक्षमा विभिन्न कामहरू गरिरहेका छन् ।

अपाङ्ग संरक्षण तथा कल्याण ऐनमा उल्लेख भएका प्रावधानहरूलाई कार्यान्वयन गराउने सिलसिलामा महासंघले गरेको पैरवी , लविङ तथा सरोकारवालाहरू सँगको वहस तथा अन्तरकृयाको फलस्वरूप आन्तरिक हवाई यात्रामा अपाङ्गता भएका व्यक्तिहरूलाई भाडामा पचास प्रतिशत छुट र सरकारी अस्पतालमा नि:शुल्क सामान्य चेक जाँचका प्रावधानहरूको कार्यान्वयन सन्तोषजनक रहेका छन् भने सार्वजनिक सवारी साधनमा दिनुपर्ने छुटको कार्यान्वयनमा आंशिक सफलता प्राप्त भएको छ ।

यसैगरी नीतिगत क्षेत्रमा हासिल गरेको अर्को ठूलो र निकै महत्वपूर्ण सफलता अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासंधि २००६ मा हस्ताक्षर र अनुमोदन हो । संयुक्त राष्ट्रसङ्घमा महासंधि मस्यौदाकै प्रकृयामा रहेको बेला देखी नै यसको बारेमा महासंघले विभिन्न सरोकारवाला निकायहरूलाई अनौपचारिक वा औपचारिक रूपमा सामान्य जानकारीहरू र अभिमुखीकरण गराउने कामहरू गर्दै आएको हो । पछि राष्ट्रसङ्घले महासंधि पारित गरिसकेपछि भने यस विषयको पैरवीलाई योजनाबद्ध रूपमा अगाडी बढाइयो । नेपाल १२ वर्षे सशस्त्र द्वन्द्व पश्चात् शान्ति प्रकृयामा प्रवेश गरिरहेको र राज्य पुनर्संरचनाको प्रकृयामा देखापरेको जटील र तरल राजनैतिक अवस्थाको कारणले पनि महासंघले नेपाललाई महासंधिको पक्ष राष्ट्र बनाउन निकै संघर्षहरू गर्नुपर्यो । यस क्रममा एकातिर महासंधिमा हस्ताक्षर गराउन सरकारसँग पैरवी तथा लविङ गरियो भने अर्कोतिर सरोकारवाला निकायहरूलाई महासंधिको बारेमा सचेत तुल्याउन र जानकारी दिन सचेतिकरण अभियान थालियो । यसै अवधिमा महासंधिको नेपाली अनुवाद गर्ने र प्रकाशन

गरि प्रचार गर्ने कामहरू पनि भए । निरन्तर जारी दवाव र संघर्षका कार्यक्रमहरूको फलस्वरूप सन २००९ डिसेम्बर २७ मा बसेको व्यवस्थापिका संसदले महासंधिको सर्व सम्मतबाट अनुमोदन गर्यो ।

आफ्नो १९ वर्षे दौरानमा महासंघले आफ्नो साङ्गठनिक विस्तार , सरोकारवालाहरूसँगको सम्बन्ध, सरकारसँगको सम्बन्ध, देश प्रतिको जिम्मेवारी र अन्तर्राष्ट्रिय छविलाई पनि निकै माथि पुर्याइसकेको छ । समग्र देशले परिवर्तन चाहेको वेलामा परिवर्तनका हरेक आन्दोलनहरूमा पूर्ण सहभागिता जनाएर आफ्नो देश र देश वासी प्रतिको जिम्मेवारीलाई दर्साएको छ भने मानवअधिकारसँग जोडिएका हरेक आन्दोलनहरूमा आफ्नो ऐक्यवद्धता र सहभागिता जनाएर मानवअधिकार प्रतिको आफ्नो प्रतिबद्धतालाई प्रष्ट पारिसकेको छ । राज्यले रातो किताब मार्फत अपाङ्गता अधिकारमा काम गर्नको लागि महासंघलाई निरन्तर बजेट उपलब्ध गराउनु , अपाङ्गता भएका व्यक्तिहरूका विषयमा हुने कुनै पनि निर्णयहरूमा महासंघको धारणा विचार र सहभागितालाई प्रमुख स्थान दिइनु महासंघका लागि निकै राम्रा साङ्गठनिक उपलब्धिहरू हुन । अपाङ्गता भएका व्यक्तिहरूलाई महासंघको छातामुनि सङ्गठित भएर आफ्नो अधिकारको लागि लड्न उत्प्रेरित गर्दै हाल ३०० भन्दा बढी सदस्य संस्थाहरू मार्फत देशका ७४ जिल्लामा आफ्नो प्रत्यक्ष उपस्थिति देखाइसकेको छ । यसै गरि क्षेत्रीय समन्वयलाई बलियो बनाउँदै पाँचै विकास क्षेत्रमा आफ्ना क्षेत्रीय कार्यालयहरू सञ्चालन गरिरहेको छ । सरकारका विभिन्न निर्णय प्रकृयाहरूमा आफ्नो प्रतिनिधित्व र विश्वासलाई क्रमशः सुनिश्चित गराउँदै आफ्नो अन्तर्राष्ट्रिय भूमिकालाई समेत बलियो बनाउँदै लगेको छ । तर यी महत्वपूर्ण उपलब्धिहरू महासंघको एक्लो प्रयासले मात्र सम्भव भएका भने होइनन् । महासंघले सहज कर्ता वा अग्रणीको भूमिका खेलेको भएतापनि यसका पछाडी धेरै सरोकारवालाहरूको साथ, सहयोग, सहकार्य, समन्वय, साझेदारी, ऐक्यबद्धता मुख्य कारण हो । यी उपलब्धिहरू हासिल गर्नका लागि सम्पूर्ण सदस्य संस्थाहरू , अपाङ्गता अधिकारमा काम गर्ने अन्य सबै सरोकारवालाहरू, महासंघ सँग विभिन्न समयमा महत्वपूर्ण आर्थिक तथा प्राविधिक साझेदारी गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू र नेपाल सरकार सबैको भूमिका यी तमाम उपलब्धिहरूसँग प्रत्यक्ष वा परोक्ष रूपमा जोडिएको छ । यि उपलब्धिहरूलाई संस्थागत गर्न र गाउँ गाउँमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा चरितार्थ गर्न भने महासङ्घले अझै धेरै काम गर्न र चुनौतिहरू पार गर्न बाँकि नै छ र अवको यात्रा निश्चित रूपमा त्यस तर्फ उन्मुख हुनेछ । तसर्थ यो आगामी यात्रामा पनि उल्लेखित सम्पूर्ण सरोकारवाला निकायहरूको अझ बलियो साथ , सहकार्य र साझेदारीको अपेक्षा गरिएको छ ।

वर्तमान अवस्थामा महासंघले आफ्ना रणनीतिहरूलाई अपाङ्गता अधिकार सम्बन्धी महासंधिको प्रभावकारी कार्यान्वयन तर्फ उन्मुख गरेको छ । यसका लागि महासंधि अनुकूल हुने गरि राज्यका कानुन , नीति, नियम र योजनाहरू निर्माण गर्न राज्यलाई प्रभाव पार्ने र सदस्य संस्थाहरूलाई महासंधिको कार्यान्वयनको लागि राज्यलाई सघाउन सक्ने तुल्याउने कार्यमा अगाडी बढेको छ ।

**१.६. राष्ट्रिय अपाङ्ग महासंघका कृयाकलापहरू (Activities of National Federation of Disabled Nepal)**

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र प्रवर्द्धनका लागि देहायबमोजिमका कृयाकलापहरू गर्दै आएको छ ।

क. अपाङ्गताको अधिकार मुखी अवधारणालाई प्रवर्द्धन गर्न सरोकारवाला , अपाङ्गता भएका व्यक्ति, समुदायका अन्य व्यक्तिहरूलाई अपाङ्गताका विविध सवाल र विषयहरूमा अभिमुखीकरण ।

ख. अपाङ्गता र अपाङ्गता भएका व्यक्तिका अधिकारका सम्बन्धी विभिन्न विषयहरूमा सामाजिक सञ्चारका कृयाकलापहरू (जस्तै प्रकाशनहरू, शान्तिपूर्ण प्रदर्शन, रेडियो कार्यक्रम, सडक नाटक, टेलिभिजन कार्यक्रम, प्रतियोगितात्मक कार्यक्रमहरू आदि)

ग. अपाङ्गता अधिकारमा काम गर्न अपाङ्गता भएका व्यक्ति र उनीहरूद्वारा सञ्चालित संस्थाहरूको क्षमता विकासको लागि आवश्यक तालिम, कार्यशाला र सेमिनार

घ. अपाङ्गताको सवालसँग जोडिएका स्थानीय सरकारी तथा गैर सरकारी सरोकारवाला निकायहरूको क्षमता विकासको लागि आवश्यक तालिम, कार्यशाला र सेमिनार ।

ङ. अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्व विकासका लागि अन्य क्षमता विकासका अवसरहरूमा सहभागीता गराउने ।

च. नीति नियम र कानुनहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका पक्षमा निर्माण गर्न लगाउन सरकारसँग आवश्यक बहस, छलफल, अन्तरकृया, बैठक र दवाबमुलक कार्यक्रमहरू ।

छ. अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूमा सरकारलाई आवश्यक सामूहिक दबाब दिन र प्रभाव पार्नको लागि अन्य सरोकारवालाहरू सँ ग बहस, छलफल, अन्तरकृया, बैठक, संयुक्त दवाबमुलक कार्यक्रमहरू ।

ज. बनेका नीति नियम र कानुनहरूको प्रभावकारी कार्यान्वयन गराउनको लागि राज्यलाई आवश्यक दबाब दिन बहस, अन्तरकृया, बैठक, शान्तिपूर्ण प्रदर्शन, धर्ना, आदि ।

झ. अपाङ्गताका सवालहरूमा सरकार रलायत अन्य सरोकारवाला निकायहरूलाई प्रतिवद्ध र जिम्मेवार बनाउन सञ्चार माध्यमहरू मार्फत सचेतना, बहस, छलफल र अन्तरकृयाहरू ।

**ञ.** अपाङ्गता अधिकारको सवालमा अपाङ्गता भएका व्यक्ति र उनीहरूको संस्था वा उनीहरूका लागि काम गर्ने संस्था वा निकायहरूको समेत संलग्नता अभिवृद्धि गर्नको लागि सम्बन्ध विकास, निरन्तर सञ्चार, सहकार्य, भेटघाट र छलफलहरू ।

**ट.** अपाङ्गताको सवालमा विभिन्न अध्ययन तथा अनुसन्धानहरू गर्ने गराउने ।

# खण्ड दुई : महासंघका हकवाला र लक्षित समूह

# Part 2 : Rights Holders and Target Groups of NFDN

## २.१ राष्ट्रिय अपाङ्ग महासंघ नेपालका हकवाला र लाभान्वित समुहरूको विश्लेषण

राष्ट्रिय अपाङ्ग महासंघले कार्यान्वयन गर्ने योजना र विभिन्न कार्यक्रमहरूले फाइदा पुर्याउने समूहलाई मुख्य रूपमा दुई भागमा विभाजन गरेर विश्लेषण गरिएको छ ।

### क. मुख्य हकवालाहरू

हकवालाहरू भन्नाले महासंघले सञ्चालन गरेका कृयाकलाप, कार्यान्वयन गरेका योजना र महासंघको प्रयासबाट हासिल उपलब्धिहरूले प्रत्यक्ष रूपमा फाइदा पुर्याउने समूह बुझिन्छ । अर्थात् जसको सवाललाई महासंघले नेतृत्व गरिरहेको छ वा जसको जीवनमा सकारात्मक परिवर्तन ल्याउनको लागि काम गरिरहेको छ त्यो समूह मुख्य हकवाला हो । हकवाला स्वतः लाभान्वित समूहमा पनि पर्दछ । यस दृष्टिकोणबाट हेर्दा महासंघका मुख्य हकवालाहरू निम्न अनुसार छन् ।

- क. सबै प्रकारका अपाङ्गता भएका युवाहरू ।
- ख. सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरू ।
- ग. सबै प्रकारका अपाङ्गता भएका महिलाहरू ।
- घ. सबै प्रकारका अपाङ्गता भएका ज्येष्ठ नागरिकहरू ।
- ङ. अपाङ्गता भएका व्यक्तिहरू द्वारा सञ्चालित संस्थाहरू
- च. बौद्धिक अपाङ्गता, मानसिक अस्वस्थता, पूर्ण अशक्त अपाङ्गता, श्रवण-दृष्टि विहीन व्यक्ति वा गम्भीर बहु

### ख. लाभान्वित वा लक्षित समूहहरू

लाभान्वित वा लक्षित समूह भन्नाले त्यस्ता सबै समूह वा सरोकारवाला निकायहरू हुन जसको भूमिका महासंघका मुख्य हकवालाहरूको मानव अधिकार प्रवर्द्धन , सेवा सुविधा र अवसरहरूमा समान पहुँच, स्वाभिमान पूर्ण तथा गुणस्तरीय जीवनको सु -निश्चितताको लागि महत्वपूर्ण भूमिका हुने गर्छ र जसलाई महासंघले आफ्ना कार्यक्रमहरू मार्फत लाभान्वित वा सशक्तिकरण गरि वा प्रभावित तुल्याई सो भूमिका निर्वाह गर्न उत्प्रेरित गर्छ । यस दृष्टिकोणले महासंघका लाभान्वित वा लक्षित समुहहरू निम्न अनुसार छन् ।

**मुख्य लक्षित वा लाभान्वित समूहहरू**

- क. अपाङ्गता क्षेत्रका विज्ञ, पेशा कर्मी, अधिकार कर्मी र स्रोत व्यक्तिहरू

ख. पुनर्स्थापना कार्यकर्ता

ग. मानवअधिकार कर्मी र विज्ञहरू

घ. सञ्चार कर्मी र मिडिया हाउसका सञ्चालकहरू

ङ. नागरिक समाजका प्रतिनिधिहरू

च. मन्त्री, राजनैतिक दलका केन्द्रीय नेता तथा कार्यकर्ताहरू

छ. नीति निर्माता वा सभासदहरू

ज. मन्त्रालयहरूमा अपाङ्गता सवाल हेर्ने कर्मचारी

झ. संवैधानिक आयोगका कर्मचारी तथा प्रतिनिधिहरू

ञ. योजना आयोगका कर्मचारी तथा प्रतिनिधिहरू

ट. सञ्चार कर्मीहरू र मिडिया सञ्चालकहरू

ठ. स्थानीय सरकारी निकायका कर्मचारी तथा प्रतिनिधिहरू

ड. अन्तराष्ट्रिय गैर सरकारी निकायका कर्मचारी तथा प्रतिनिधिहरू

**अन्य लाभान्वित तथा लक्षित समूह**

क. स्थानीय सञ्चार माध्यमहरू र सञ्चार माध्यमका सञ्चालकहरू

ख. स्थानीय गैर सरकारी निकायका कर्मचारी तथा प्रतिनिधिहरू

ग. स्थानीय समाज सेवी, राजनैतिक दलका प्रतिनिधि

घ. सामुदायिक कार्यकर्ताहरू

ङ. स्थानीय अनौपचारिक समूह जस्तै स्वावलम्बी समूह , आमा समूह , किशोर किशोरी समूह , युवा समूह, बाल क्लब आदि ।

च. उद्यमी, व्यापारी, व्यवसायी लगायत कर्पोरेट हाउसमा काम गर्ने कर्मचारीहरू आदि ।

# खण्ड तीन : महासंघका पाँच बर्षे रणनीतिहरु

# Part 3 : Five Years Strategies of NFDN

### ३.१ दीर्घकालीन परिकल्पना (Vision)

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल त्यस्तो राज्य वा समाजको परिकल्पना गर्छ जहाँ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू आफ्ना सबै मानवअधिकारहरूको पूर्ण र समान उपयोगका साथ समावेशी वातावरणमा गुणस्तरीय , स्वाभिमान पूर्ण, उत्पादनशील र अवरोध मुक्त जीवन बाँचेका हुनेछन् ।

### ३.२ दीर्घकालीन धेय (Mission)

- ✓ अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकार संरक्षण , संवर्द्धन, सेवा सुविधाहरूमा पहुँच र समावेशीकरणका लागि महासंघ र यसका सदस्य संस्थाहरूको प्रभावकारी नेतृत्व ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासंधि २००६ को संरक्षण , सम्मान र पूर्ण तथा प्रभावकारी कार्यान्वयन ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरूका जीवनमा प्रभाव पार्ने कुनै पनि नीति , कानुन वा निर्णय निर्माण प्रकृयाहरूमा उनीहरू स्वयमको सकृय र अर्थपूर्ण सहभागीता ।

### ३.३ दीर्घकालीन लक्ष (Goals)

देहायबमोजिमका अवस्थाहरूको प्राप्ती महासंघको दीर्घकालिन लक्ष हुनेछ ।

क. महासंघको संस्थागत दिगोपना र सदस्य संस्थाहरूको दीगोपना सुनिश्चित भएको अवस्था ।

ख. अपाङ्गता भएका व्यक्तिका सबै मानव अधिकार र आवश्यकताहरूलाई सम्बोधन गर्ने पर्याप्त संवैधानिक व्यवस्था, नीति र कानुनहरू भएको अवस्था ।

ग. अपाङ्गता सम्बन्धी सबै संवैधानिक व्यवस्था , नीति र कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्ने उपयुक्त देश व्यापी संरचना, संयन्त्र र पर्याप्त स्रोत (मानव, प्रविधि, ज्ञान, सीप, अर्थ र सूचना) उपलब्ध भएको र परिचालन भएको अवस्था ।

घ. नीति निर्माण र निर्णय निर्माण सँग सम्बन्धित स्थानीय स्तर देखि केन्द्र सम्मका राज्यका संरचनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थ पूर्ण सहभागिता भएको अवस्था ।

ङ. स्वास्थ्य, शिक्षा, रोजगार/जीवनयापन, सशक्तिकरण, सामाजिक सहभागिता , भौतिक पहुँच , सहायक सामग्री तथा सहयोगी , पुनर्स्थापना सेवा , उपयुक्त अनुकूलता लगायत अपाङ्गता

भएका व्यक्तिका विशेष आवश्यकताहरूसँग जोडिएका सम्पूर्ण सेवा , सुविधा र अवसरहरू उनीहरूले अधिकारका आधारमा सहजै प्राप्त गर्ने अवस्था ।

च. सरकार तथा राज्यका सबै सरोकारवाला निकायहरू अपाङ्गता भएका व्यक्तिहरूका सवाल , आवश्यकता र अधिकार प्रति संवेदनशील र सहयोगी भएको अवस्था ।

छ. समुदायमा अपाङ्गताको अधिकार मुखी अवधारणा संस्थागत भएको अवस्था ।

### **३.४ सिद्धान्त, मूल्य र मान्यताहरू (Principles, Values and Norms)**

राष्ट्रिय अपाङ्ग महासंघका सिद्धान्त, मूल्य र मान्यताहरू देहायबमोजिम हुनेछन् ।

***सबै प्रकारका अपाङ्गता भएका व्यक्ति :*** महासंघले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका सवालमा काम गर्ने ।

***समावेशीकरण :*** राज्य संरचना र समुदाय स्तरमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण ।

***लैङ्गिक समानता र समावेशीकरण :*** अपाङ्गता भएका महिला र पुरुषको बीचमा समान व्यवहार र पुरुष सरह समान अधिकार प्राप्तीको लागि अपाङ्गता भएका महिलाहरूको शसक्तिकरण र समावेशीकरण

***अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्व र निर्णय :*** अपाङ्गता भएका व्यक्तिहरूका सवालसँग सम्बन्धित विषयहरूमा स्वयम् अपाङ्गता भएका व्यक्तिले नेतृत्व र निर्णय लिन पाउने ।

***सहकार्य र समन्वय :*** संस्थागत उद्देश्य र लक्ष प्राप्तिका लागि अपाङ्गता क्षेत्रमा कार्यरत सबै सरोकारवाला र अन्य सरोकारवालासँग समन्वय र सहकार्य स्थापित गर्ने ।

### **३.५ रणनीति पत्रको बृहत् राष्ट्रिय उद्देश्य (Overall Development Objectives of Strategy Paper)**

- नेपालको हरेक विकास प्रकृयाहरू अपाङ्गताका सवालहरू र निर्णय प्रकृयाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको मुल प्रवाहिकरण गराइ राज्यको समावेशी विकासको वृहत उद्देश्य परिपूर्तिमा योग्दान पुर्याउनु ।

### **३.६ पाँच वर्षको लागि प्राथमिकतामा राखिएका सवालहरू (Priorities for coming five years)**

आगामी पाँच वर्षका लागि राष्ट्रिय अपाङ्ग महासंघले निर्धारण गरेका प्राथमिकताका क्षेत्रहरू देहायबमोजिम रहेका छन् ।

क. महासंघको संस्थागत दिगोपना , क्षमता विकास र शुसासन (सदस्य संस्था , जिल्ला संरचना , क्षेत्रीय संरचना, केन्द्रीय संरचना )

ख. कानुन तथा नीति (नयाँ निर्माण, परिमार्जन, सुधार, पुनर्लेखन, खारेजी)

ग. सरोकारवालासँग सम्बन्ध र साझेदारी विकास । (आर्थिक तथा प्राविधिक)

घ. अपाङ्गता समावेशीकरण (विकासका कार्यक्रम , नीति तथा कानुनहरू , निर्णय निर्माण , कार्यान्वनय र अनुगमन)

ङ. सेवा सुविधामा पहुँच (कानुनहरूको कार्यान्वयन, उपयुक्त संयन्त्र निर्माण, कार्यक्रम र बजेट, मानव स्रोत विकास र अनुगमन)

च. अपाङ्गताको आधारमा गरिने विभेद

***३.७ पाँच वर्षभित्र हासिले गरिने विशिष्ट उद्देश्यहरू (Specific Objectives for coming five years)***

यस रणनीति पत्रको कार्यान्वयनबाट आगामी पाँच वर्षमा देहायबमोजिम उद्देश्य परिपूर्ति गरिनेछ ।

१ शुसासन र संस्थागत क्षमतालाई सुदृढ पारि राष्ट्रिय अपाङ्ग महासंघलाई क्रमशः स्थायित्व र दिगोपनातर्फ उन्मुख गराउँदै सदस्य संस्था , क्षेत्रीय संरचना र जिल्ला संरचनाहरूलाई स्थानीय स्तरमा अपाङ्गताका हरेक सवालमा पैरवी गर्न , नेतृत्व दिन , निर्णय दिन र अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरूको परिपूर्तिलाई सहजीकरण गर्न सक्षम तुल्याउने ।

२ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासंधिमा उल्लेखित मानवअधिकारहरूलाई राज्यको संविधान , कानुन र नीतिहरूमा संरक्षित , सम्मानित र कार्यान्वयन गराउने ।

३ विभिन्न सरोकारवाला निकायहरूसँग राष्ट्रिय अपाङ्ग महासंघको सम्बन्धलाई बढी भन्दा बढी सूमधुर र निकट बनाइ अपाङ्गता भएका व्यक्तिका अधिकारहरूको सम्मान , संरक्षण , परिपूर्ति लगायत यस क्षेत्रमा गर्नुपर्ने अध्ययन तथा अनुसन्धानका लागि उनीहरूको संलग्नता र सहकार्यमा वृद्धि गराउनु ।

४ विकासका हरेक कार्यक्रम (जस्तै स्वास्थ्य , शिक्षा , रोजगार , शसक्तिकरण , पुनर्स्थापना , पूर्वाधार विकास , प्रविधि , उत्पादन , सामाजिक विकास , सूचना तथा सञ्चार ) लगायत सामाजिक सुरक्षा र शान्ति प्रकृयामा अपाङ्गताका सवालहरूको मुल प्रवाहिकरण गराई यस्ता कार्यक्रमहरूसँग सम्बन्धित नीति तथा योजना निर्माण , कार्यान्वनय र अनुगमनमा समेत अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गराउने ।

५ कानुन नीति र कार्यक्रमहरू मार्फत सुनिश्चित गरिएका अधिकार, सेवा सुविधा र अवसरहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गराई उनीहरूको गुणस्तरीय र उत्पादनशील जीवन सुनिश्चित गराउन योगदान पुर्याउने ।

६ अपाङ्गताको आधारमा गरिने कुनै पनि विभेदहरूको अन्त्यको लागि राज्य र अन्य सरोकारवालाहरूलाई जिम्मेवार बनाउने ।

७ सरकारी तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायका विपद व्यवस्थापन सँग समबन्धित नीति योजना तथा कार्यक्रमहरूलाई अपाङ्गता समावेशी बनाउने ।

## ३.८ पाँच वर्षे रणनीतिहरू (Strategies for coming five years)

**उपरोक्त उद्देश्यहरू पुरा गर्नको लागि आगामी पाँच वर्षमा देहायबमोजिमका रणनीतिहरू अबलम्बन गरिनेछ ।**

| ***उद्देश्य १ : शुसासन र संस्थागत क्षमतालाई सुदृढ पारि राष्ट्रिय अपाङ्ग महासंघलाई क्रमशः स्थायित्व र दिगोपनातर्फ उन्मुख गराउँदै सदस्य संस्था , क्षेत्रीय संरचना र जिल्ला संरचनाहरूलाई स्थानीय स्तरमा अपाङ्गताका हरेक सवालमा पैरवी गर्न , नेतृत्व दिन , निर्णय दिन र अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरूको परिपूर्तिलाई सहजीकरण गर्न सक्षम तुल्याउने ।*** | | |
|---|---|---|
| **अपेक्षित परिणाम** | **रणनीतिहरू** | **संभावित कृयाकलापहरू** |
| • पाँच वर्ष भित्र राष्ट्रिय अपाङ्ग महासंघको आफ्नै कार्यालय भवन हुनेछ । | • महासंघको भौतिक पूर्वाधार निर्माणको लागि सरकार र दातृ निकायसँग पैरवी तथा लविङ | बैठक, छलफल , अन्तरकृया र पूर्वाधार निर्माण कार्य । |
| • राष्ट्रिय अपाङ्ग महासंघको प्रशासनिक , कार्यक्रम कार्यान्वयन , अनुगमन तथा मूल्याङ्कन, समन्वय , सञ्चार तथा सूचना , मानव संसाधन परिचालन , अभिलेखीकरण र समन्वय प्रणाली र क्षमतामा यथेष्ट सुधार भइ समग्र कार्य सम्पादनमा सुधार आउनेछ । | • महासंघको संस्थागत विकास योजना निर्माण र कार्यान्वयन ।<br>• महासंघका विभागीय समितिहरूको प्रभावकारी परिचालन । | बैठक, अन्तरकृया तथा छलफल , तालिम , अभिमुखीकरण, आवश्यक प्रणाली र संयन्त्रहरूको निर्माण र अभ्यास, विज्ञहरूको प्रयोग र परामर्श । विभागीय कार्य योजना निर्माण र अभ्यास । |
| • क्षेत्रीय कार्यालयहरूको प्रशासनिक तथा लेखा प्रणाली, कार्यक्रम कार्यान्वयन , समन्वय तथा सञ्चार र स्थानीय अनुगमन प्रणालीमा सुधार आई प्रभावकारीता बढ्नेछ । | • आवश्यकताको आधारमा क्षेत्रीय कार्यालयहरूको क्षमता विकास गर्ने ।<br>• प्राथमिकता र आवश्यकताको आधारमा क्षेत्रीय संरचनाहरूको आर्थिक क्षमतामा वृद्धि गराउने । | • आवश्यकता मूल्याङ्कन गर्ने<br>• आवश्यक तालिम र अभिमुखीकरणहरू गर्ने ।<br>• क्षेत्रीय कार्यालयमा आवश्यक प्रणालीहरूको विकासमा प्राविधिक सहयोगहरू उपलब्ध गराउने । |

| | | |
|---|---|---|
| | | • क्षेत्रीय संरचनाको लागि बजेटमा अभिवृद्धि गराउने उपायहरूको खोजी गर्ने । |
| • पाँच वर्ष भित्रमा कम्तिमा ७० प्रतिशत सदस्य संस्थाहरूको क्षमता विकास भइ स्थानीय स्तरमा उनीहरूको पैरवी , कार्यक्रम निर्माण , व्यवस्थापन, कार्यान्वयन र स्थानीय प्रतिनिधित्व तथा नेतृत्व प्रभावकारी हुनेछ । | • प्राथमिकता आवश्यकताको आधारमा सदस्य संस्थाहरूको व्यवस्थापन, कार्यक्रम निर्माण, पैरवी, नेतृत्व, सञ्चार, स्थानीय स्रोत परिचालन आदिमा क्षमता विकास गर्ने ।<br>• सदस्य संस्थाको दातृ निकाय र सरकारसँग सम्बन्ध र साझेदारी विकासमा पहल गर्ने । | • पहिचान गरिएका सदस्य संस्थाहरूलाई आवश्यक तालिम तथा अभिमुखीकरण ।<br>सदस्य संस्थाहरूसँग सम्बन्ध विकास, साझेदारी वा सहकार्यको लागि सरोकारवालाहरूसँग बैठक , छलफल र अन्तरकृया । |
| • पाँच वर्ष भित्र कम्तीमा ३० जिल्लामा जिल्ला कार्य समितिहरू निर्माण भई सदस्य संस्थाहरू बीचमा समन्वय कायम हुनेछ । | • जिल्ला कार्यसमितिलाई समन्वयकारी र सहज कर्ताको भूमिकामा स्थापित गर्ने । | तालिम, अभिमुखीकरण, आर्थिक स्रोत व्यवस्थापन । |
| • केन्द्रीय कार्यालय भित्रको सूचना तथा संचार प्रणाली, क्षेत्रीय र जिल्ला संरचनाहरू बीचको दोहोरो सञ्चार र क्षेत्र तथा जिल्ला र केन्द्र बीचको दोहोरो सञ्चार आदान प्रदान अझ सुदृढ हुनेछ सूचना प्रवाह प्रणाली प्रभावकारी हुनेछ । | • विद्युतीय सूचना तथा सञ्चार प्रणालीको प्रयोगलाई थप प्रवर्द्धन गर्ने ।<br>• सूचना सङ्कलन र अद्यावधिक गर्ने ढाँचाहरूमा एकरूपता ल्याउने ।<br>• हरेक संरचनाहरूमा सम्पर्क सूत्रहरू स्थापना गर्ने ।<br>• महासंघको संरचना भित्र संचार योजना र प्रणालीहरू निर्माण गरि लागू गर्ने । | बैठक तथा छलफल, आवश्यक सूचना तथा सञ्चार प्रणालीहरूको निर्माण, तालिम तथा अभिमुखीकरण, फोकल प्वाइन्ट र व्यक्तिहरू तोक्ने , सूचना तथा सञ्चारका माध्यमहरूको निर्धारण । |
| • सदस्य संस्था र महासंघको एक अर्का प्रतिको | • महासंघ र सदस्य संस्थाको काम दायित्व | • लिखित दस्तावेज तयार गर्ने , सदस्य |

| | | |
|---|---|---|
| दायित्व र जिम्मेवारीहरूलाई लिएर हुने अन्योलता र विवादहरूको न्यूनिकरण हुनेछ ।<br>• सदस्य संस्थाहरू अपाङ्गताको अधिकार मुखी अवधारणाको बारेमा स्पष्ट हुनेछन् र उनीहरूका कार्यक्रमहरू सोही अवधारणाबाट निर्देशित हुनेछन् । | र जिम्मेवारीहरूमा स्पष्टता ल्याउने र सदस्य संस्थाको स्वामित्व हासिल गर्ने ।<br>• सदस्य संस्था र महासंघले एकले अर्काको काममा सघाउने वातावरण बनाउने ।<br>• अधिकार मुखी अवधारणाको प्रवर्द्धनका लागि सदस्य संस्थाको क्षमता विकास गर्ने । | संस्थासँग छलफल चलाउने , साधारण सभाबाट स्वामित्व हासिल गर्ने , सदस्य संस्थालाई निरन्तर अभिमुखीकरण गर्ने , नयाँ सदस्यता लिने क्रममा अभिमुखीकरण गर्ने , सदस्य संस्था र महासंघ आ-आफ्नो जिम्मेवारी र दायित्व प्रति इमानदार हुने ।<br>• अधिकार मुखी अवधारणाको बारेमा तालिम र अभिमुखीकरण सञ्चालन गर्ने । |
| • महासंघलाई भविष्यमा नेतृत्व दिने नयाँ पुस्ताहरू अझ सक्षम हुनेछन् । | • महासंघको केन्द्रीय तहको नेतृत्वको लागि चाहिने आधारभूत मापदण्ड र नेतृत्व तहमा आउने प्रकृयालाई अझ क्षमता , अनुभव र योगदान केन्द्रित बनाउने ।<br>• सदस्य संस्थाका नेतृत्व तहमा रहेर सकृय योगदान गर्ने व्यक्तिहरूको नेतृत्व क्षमता विकास । | अवधारणा पत्र तयार गर्ने , संस्थाको विधानमा संशोधन गर्नुपर्ने भएमा प्रकृया अगाडि बढाउने , नेतृत्व क्षमता विकासको लागि आवश्यक पर्ने विभिन्न तहका तालिमहरू दिने । |
| • महासंघको लैङ्गिक तथा बालबालिका सम्बन्धी नीतिको पूर्ण रूपमा कार्यान्वयन भएको हुनेछ । | • महासंघको लैङ्गिक तथा बालबालिका सम्बन्धी नीतिको कार्यान्वनयका लागि छुट्टै रणनीति निर्माण गर्ने । | रणनीति निर्माण तथा कार्यान्वयन । |
| **उद्देश्य २ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासंधिमा उल्लेखित मानवअधिकारहरूलाई राज्यको संविधान , कानुन र नीतिहरूमा संरक्षित र सम्मानित गराउने ।** | | |
| **अपेक्षित परिणाम** | **रणनीतिहरू** | **संभावित कृयाकलापहरू** |
| • पाँच वर्ष भित्रमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासंधिलाई | • प्रमाण, तथ्य र सूचनाको आधारमा नीति तथा कानुन निर्माता र राजनैतिक दलका | • आवश्यक अध्ययन तथा अनुसन्धान,<br>• नीति तथा कानुन र आवश्यक संयन्त्र |

| | | |
|---|---|---|
| कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने न्यूनतम कानुन र नीतिहरू निर्माण भई कार्यान्वयने समेत भएका हुनेछन् ।<br>• पाँच वर्ष भित्रमा अपाङ्गता भएका व्यक्तिहरू प्रति विभेद जनिने सबै खाले विद्यमान कानुनी प्रावधानहरू खारेज भैसक्ने छन् ।<br>• अपाङ्गताको आधारमा गरिने विभेद विरुद्धको हक कानुनमा संरक्षित हुनेछ । | नेताहरूसँग पैरवी गर्ने ।<br>• सञ्चार माध्यमहरूको परिचालन गर्ने ।<br>• सदस्य संस्था परिचालन गरि सरकार माथि सामूहिक दबाब सृजना गर्ने ।<br>• निर्णय प्रकृयाहरूमा र निर्णय निर्माण सहभागी हुने ।<br>• नागरिक समाज र मानवअधिकार कर्मीहरूको संलग्नतामा र ऐक्यबद्धतामा अभिवृद्धि गर्ने ।<br>• समुदायको साथ लिन जन चेतना अभियान सञ्चालन गर्ने ।<br>• कार्यान्वयनका प्रकृया र परिणामहरूको अनुगमन तथा मूल्याङ्कनमा सहभागी हुने ।<br>• सी.आर.पी.डी. सचेतना अभियान सञ्चालन गर्ने । | निर्माणमा प्राविधिक सहयोग,<br>• सरोकारवालासँग गोष्ठी, अन्तरकृया, बैठक, छलफल,<br>• सञ्चार माध्यमबाट सवालहरूको उठान र बहस,<br>• जन चेतनाका लागि प्रकाशन वा प्रसारण सामग्रीहरू तयार गरि वितरण गर्ने,<br>• शान्तिपूर्ण सामूहिक धर्ना , प्रदर्शन, ज्ञापन पत्र दिने आदि ।<br>• सी.आर.पी.डी. सम्बन्धी सरल भाषामा सचित्र, अडियो वा भिजुअल सामग्रीहरू निर्माण गरि वितरण गर्ने । |

**उद्देश्य ३ विभिन्न सरोकारवाला निकायहरूसँग राष्ट्रिय अपाङ्ग महासंघको सम्बन्धलाई बढी भन्दा बढी सूमधुर र निकट बनाइ अपाङ्गता भएका व्यक्तिका अधिकारहरूको सम्मान, संरक्षण , परिपूर्ति लगायत यस क्षेत्रमा गर्नुपर्ने अध्ययन तथा अनुसन्धानका लागि उनीहरूको संलग्नता र सहकार्यमा वृद्धि गराउनु ।**

| **अपेक्षित परिणाम** | **रणनीतिहरू** | **संभावित कृयाकलापहरू** |
|---|---|---|
| • सरकारी तथा गैर सरकारी सबै सरोकारवाला निकायहरूसँग महासंघको सम्बन्धको स्तरमा पर्याप्त सुधार आउनेछ ।<br>• महासंघ प्रति सरोकारवालाहरूको विश्वासमा अभिवृद्धि हुनेछ । | • सरोकारवाला सचेतिकरण अभियान ।<br>• साझा उद्देश्य निर्माण र सहकार्य ।<br>• नियमित सूचना आदानप्रदान<br>• संस्थागत पारदर्शिता ।<br>• निरन्तर सम्पर्क । | • औपचारिक वा अनौपचारिक भेटघाट , बैठक, छलफल , अन्तरकृया र अपाङ्गताको सवालमा अभिमुखीकरण ।<br>• एक अर्काका कार्यक्रममा सहभागी हुने , सम्पर्कमा रहि रहने, संस्थाका गतिविधि र |

<table>
<tr>
<td>• अपाङ्गताको सवालमा काम गर्न सरोकारवालाहरू सकारात्मक हुनेछन् ।</td>
<td>• एक अर्काका उद्देश्यमा सघाउने ।<br>• महासंघ वा सदस्य संस्था सँग साझेदारी विकास ।</td>
<td>उपलब्धिहरू आदान प्रदान गर्ने,<br>• कार्यक्रमहरूको अवलोकन गर्न सरोकारवालाहरूलाई बोलाउने , सल्लाह सुझाव लिने र दिने,<br>• परियोजना प्रस्तावहरू पेश गर्ने र साझेदारीको लागि उत्प्रेरित गर्ने ।</td>
</tr>
<tr>
<td colspan="3">उद्देश्य ४ विकासका हरेक कार्यक्रम (जस्तै स्वास्थ्य, शिक्षा, रोजगार, शसक्तिकरण, पुनर्स्थापना, पूर्वाधार विकास, प्रविधि, उत्पादन, विपद व्यवस्थापन, सामाजिक विकास, सूचना तथा सञ्चार ) लगायत सामाजिक सुरक्षा , शान्ति प्रकृयामा अपाङ्गताका सवालहरूको मूल प्रवाहिकरण गराई यस्ता कार्यक्रमहरूसँग सम्बन्धित नीति तथा योजना निर्माण, कार्यान्वयन र अनुगमनमा समेत अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गराउने ।</td>
</tr>
<tr>
<td>अपेक्षित परिणाम</td>
<td>रणनीतिहरू</td>
<td>संभावित कृयाकलापहरू</td>
</tr>
<tr>
<td>• अपाङ्गता भएका महिलाहरूका सवालहरूलाई समेत विशेष प्राथमिकतामा राख्दै विकासका कार्यक्रमहरूमा अपाङ्गताका सवालहरू समावेश हुनेछन् ।</td>
<td rowspan="3">• सरकार लगायत विकासका क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरूसँग पैरवी<br>• विकास कार्यक्रमका हरेक निर्णय निर्माण प्रकृयामा सहभागी हनु पहल गर्ने ।<br>• विकास बजेटमा अपाङ्ताका सवाल समावेश गराउन सामूहिक दबाब सृजना गर्ने ।<br>• सञ्चार माध्यमसँग साझेदारी र सहकार्य ।<br>• विकास कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनमा सहभागी हुन पहल गर्ने ।</td>
<td rowspan="3">• बैठक, छलफल, अन्तरकृया गर्ने<br>• परामर्श र सुझावहरू उपलब्ध गराउने ।<br>• अपाङ्गताका सवाल र विकास कार्यक्रमहरू कसरी सम्बन्धित छन् भन्ने बारेमा अभिमुखीकरण गराउने ।<br>• ज्ञापनपत्र,<br>• सञ्चार माध्यमहरूबाट विषय वस्तुहरूको उठान गराउने ।<br>• तालिम, परामर्श , अभिमुखीकरण , अन्तरकृया ।</td>
</tr>
<tr>
<td>• अपाङ्गताको सवालमा गरिने निर्णयमा अपाङ्गता भएका व्यक्ति वा तीनका प्रतिनिधि संस्थाको सहभागिता र भूमिका सुनिश्चित हुनेछ ।</td>
</tr>
<tr>
<td>• विकास कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनमा अपाङ्गता भएका व्यक्ति , तीनका प्रतिनिधि संस्था वा सो क्षेत्रका विज्ञहरूको सहभागीता सुनिश्चित हुनेछ ।</td>
</tr>
<tr>
<td colspan="3">उद्देश्य ५ कानुन नीति र कार्यक्रमहरू मार्फत सुनिश्चित गरिएका अधिकार , सेवा सुविधा र अवसरहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गराई उनीहरूको गुणस्तरीय र उत्पादनशील जीवन सुनिश्चित गराउन योगदान पुर्याउने ।</td>
</tr>
</table>

| अपेक्षित परिणाम | रणनीतिहरू | संभावित कृयाकलापहरू |
|---|---|---|
| • अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य सरह सेवा सुविधा र अवसरहरू (शिक्षा, स्वास्थ्य, रोजगार/जीवनयापन, सामाजिक सुरक्षा, शसक्तिकरण आदि) मा पहुँच पुर्याउन सरकार जिम्मेवार हुनेछ ।<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई कानुनमा व्यवस्था भए अनुसार अधिकार तथा सेवा सुविधा र अवसरहरू उपलब्ध गराउन र अपाङ्गता भएका महिलाहरूको शसक्तिकरणका लागि विशेष व्यवस्था गर्ने स्पष्ट नीति कार्यक्रम र पर्याप्त बजेट हुनेछ ।<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई गम्भीरता र अशक्तताको आधारमा सेवा सुविधा सहुलियत र अवसरहरूमा अग्राधिकार दिन र नयाँ नीति र कार्यक्रमहरू स्पष्ट हुनेछन् । | • स्थानीय स्तरमा अपाङ्गता सम्बन्धी सूचना र तथ्याङ्कको सबलीकरण गर्ने गराउने ।<br>• पैरवी, लविङ र सामूहिक दबाब सृजना गर्ने ।<br>• नीति, कार्यक्रम र बजेट निर्माणमा सहभागिता र मुख्य भूमिका खेल्ने । | • सरोकारवालासँग बैठक, छलफल, अन्तरकृया, गोष्ठी तथा स्थानीय स्तरबाट सूचना सङ्कलन ।<br>• सूचना तथा तथ्याङ्कको सबलीकरणका लागि कार्यक्रम निर्माण र सहकार्य ।<br>• नीति तथा कार्यक्रम निर्माणमा सरकारलाई प्राविधिक सहयोग र परामर्श । |
| • नेपाल सरकार द्वारा अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँच र सूचना तथा सञ्चारमा पहुँच सम्बन्धी न्यूनतम मापदण्डहरू निर्माण भइ लागू हुनेछन् । | • भौतिक पहुँच सम्बन्धि मापदण्डहरूको बारेमा सचेतना अभियान ।<br>• भौतिक पहुँच सम्बन्धि मापदण्ड कार्यान्वयनको लागि प्रभावकारी पैरवी ।<br>• पहुँच सम्बन्धि सवालमा सञ्चार माध्यम परिचालन<br>• पहुँच सम्बन्धी अनुगमन प्रकृयामा सहभागी हुने | • तालिम तथा अभिमुखीकरण<br>• मापदण्डहरूको बारेमा प्रकाशन सामग्रीहरू तयार गर्ने<br>• सञ्चार माध्यमहरूबाट प्रचार गराउने<br>• सरोकारवालासँग बैठक, छलफल, अन्तरकृया, गोष्ठी |

| | | |
|---|---|---|
| • अपाङ्गता भएका व्यक्तिहरूका अन्य विशेष आवश्यकताहरू (जस्तै सहायक सामग्री , सहयोगी सेवा र अन्य पुनर्स्थापना सेवाहरू ) स्थानीय स्तरमा उपलब्ध गराउने स्पष्ट संयन्त्र विकास भइ कृयाशील हुनेछ र यस प्रयोजनका लागि सरकारले पर्याप्त बजेट विनियोजन गर्नेछ । | • स्वदेशमै सहायक सामग्रीको उत्पादनलाई प्रवर्द्धन गर्ने गराउने ।<br>• सहायक सामग्री उत्पादन र वितरणलाई सहज र अधिकारमुखी बनाउन सरकार तथा सरोकारवालासँग आवश्यक पैरवी<br>• सहायक सामग्री लगायत अन्य पुनर्स्थापना सेवालाई स्थानीयकरण गर्ने प्रभावकारी संयन्त्र निर्माण । | • सहायक सामग्रीको उत्पादन वा सहज प्राप्तिको विषयमा सम्भाव्यता अध्ययन ।<br>• सरकारसँग आवश्यक छलफल तथा अन्तरकृया<br>• संयन्त्र निर्माणका लागि अवधारणा पत्र तयार गर्ने र आवश्यक छलफल चलाउने ।<br>• सबैले स्वीकार गरेको अवधारणा पत्र अनुसार अगाडी बढ्नको लागि सरकारसँग आवश्यक बैठक, छलफल र अन्तरकृया । |
| **उद्देश्य ६ अपाङ्गताको आधारमा गरिने कुनै पनि विभेदहरूको अन्त्यको लागि राज्य र अन्य सरोकारवालाहरूलाई जिम्मेवार बनाउने ।** | | |
| **अपेक्षित परिणाम** | **रणनीतिहरू** | **संभावित कृयाकलापहरू** |
| • अपाङ्गता भएका व्यक्तिहरूमाथि अपाङ्गताका आधारमा गरिने विभेदहरूको अन्त्यका लागि कानुनी व्यवस्थाहरू हुनेछन् । | • सरोकारवाला निकायहरूसँग आवश्यक पैरवी गर्ने ।<br>• सरोकारवाला निकायहरूमाथि सामूहिक दबाब सृजना गर्ने ।<br>• सरोकारवालाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने विभेदहरूको बारेमा सचेतिकरण गर्ने<br>• अपाङ्गता भएका व्यक्तिहरूलाई विभेद विरुद्ध सकृय हुन क्षमता विकास गर्ने ।<br>• सञ्चार माध्यमहरूको परिचालन गर्ने<br>• सूचना तथा तथ्यहरूको विकास गर्ने<br>• प्रभावकारी अनुगमन तथा मूल्याङ्कन | • विभेद र हिंसा अध्ययन तथा अनुसन्धान<br>• विभेदपूर्ण व्यवहारहरूको तथ्य र सूचनाको खोजी ।<br>• कानुनी उपचारमा सहयोग<br>• उपयुक्त संयन्त्र निर्माणका लागि आवश्यक प्राविधिक सहयोग र परामर्श ।<br>• सरोकारवाला निकायसँग बैठक परामर्श छलफल अन्तरकृया र गोष्ठीहरू<br>• अपाङ्गता भएका व्यक्तिहरूका लागि तालिम र अभिमुखीकरणहरू ।<br>• विभेद विरुद्ध जन चेतना मूलक कार्यक्रमहरू गर्ने । |
| • अपाङ्गताका आधारमा गरिने विभेदहरूमा न्यूनिकरण हुनेछ । | | |
| • अपाङ्गताका आधारमा गरिने विभेद विरुद्ध कारबाही गर्ने संयन्त्रहरू हुनेछन् । | | |
| • अपाङ्गता भएका महिलाहरू माथि हुने लैङ्गिक हिंसा र सामाजिक विभेदमा कमि आउनेछ । | | |

| | | |
|---|---|---|
| | • अनुगमन तथा मूल्याङ्कन प्रकृयामा सहभागी हुने<br>• आवश्यक नीति र संयन्त्र निर्माण प्रकृयामा सहभागी हुने ।<br>• कानुन र नीतिहरू निर्माण गर्न र कार्यान्वयनका लागि संयन्त्रहरू निर्माण गर्न प्राविधिक सहयोग गर्ने | |
| **उद्देश्य ७ : सरकारी तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायका विपद व्यवस्थापन सँग समबन्धित नीति योजना तथा कार्यक्रमहरूलाई अपाङ्गता समावेशी बनाउने ।** | | |
| • राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल र यसका संयन्त्रहरू विपद व्यवस्थापनका सम्बन्धमा सूसुचित हुनेछ र<br>• राज्यका विपद व्यवस्थापन सम्बन्धी निती र कार्यक्रमहरूमा अपाङ्गताका सवालहरू समावेश गराउन आवश्यक पैरवी गर्न सक्षम हनेछ ।<br>• विपद व्यवस्थापन सम्बन्धी राष्ट्रिय रणनीतिपत्र अन्तर्गतका कार्यक्रमहरू अपाङ्गता मैत्री हुनेछन् | • महासंघमा विपद व्यवस्थापन सम्बन्धी छुट्टै विभाग स्थापना गरि महासंघका संरचनाहरूको क्षमता विकास लगायत अध्ययन र अनुसंधान ।<br>• विपद व्यवस्थापन सँग सम्बन्धित काम गर्ने सरकारी, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संघ संस्था तथा निकायहरूसँग अपाङ्गता समावेशी विपद व्यवस्थापन नीति र कार्यक्रमहरू ल्याउन योजनावद्ध पैरवी , नेटवर्किङ र सहकार्य । | • यस विषयमा महासंघमा छुट्टै विभाग स्थापना गर्ने त्यसको TOR निर्माण गर्ने ।<br>• अपाङ्गता समावेशी विपद व्यवस्थापन सम्बन्धी अभिमुखीकरण, तालिमहरू s अनुगमनs अध्ययन र सरोकारवालासँग वैठक तथा अन्तरकृया ।<br>• विपद व्यवस्थापन सँग सम्बन्धित नीति र कानूनहरूको अध्ययन अनुसंधान ।<br>• अपाङ्गता समावेशी विपद व्यवस्थापन सम्बन्धी चेतनामुलक सामग्रीहरूको निर्माण<br>• अपाङ्ता समावेशी विपद व्यवस्थापनको |

| | | |
|---|---|---|
| | | वर्तमान अवस्थाको बारेमा अध्ययन, अनुगमन र पैरवी गर्ने उपकरणहरूको निर्माण र उपयोग ।<br>• अपाङ्गता समावेशी विपद व्यवस्थापनमा काम गर्न विभिन्न सरोकारवालाहरू सम्मिलित संयुक्त मञ्च गठन गर्ने र नियमित बैठक गर्ने । |